# अध्याय 49



## परीक्षाः-

### (1) हरिकानोबा (2) सोमदेव स्वामी र (3) नानासाहेब चाँदोरकरका कथाहरू

**प्रस्तावनाः-**

जब वेद र पुराण नै ब्रह्म या सद्‌गुरूको वर्णन गर्न आफ्नो असमर्थता प्रकट गर्दछन् भने म एक अल्पज्ञ (थोरै जान्ने) प्राणी आफ्नो सद्‌गुरू श्री साईबाबाको वर्णन कसरी गर्न सक्दछु र ? मेरो आफ्नो विचारमा त यस विषयमा मौन धारण गर्नु अति उत्तम कुरा हो भन्ने यही नै मत छ। साँच्चि नै सोध्ने हो भने चूप रहनु नै सद्‌गुरूको निर्मल पताकारूपी प्रशस्तिको उत्तम तरीकाले वर्णन गर्नु हो। तर उनमा (सद्‌गुरूमा) जो उत्तम गुणहरू छन्, तिनले हामीहरूलाई चूप लाग्न कहाँ दिन्छन् र ? यदि स्वादिष्ट भोजन बनेको छ र त्यो मित्र तथा सम्बन्धी आदिसँगै बसेर खाइएन भने त्यो नीरस जस्तो लाग्छ। तर जब त्यही भोजन सबै एकैसाथ बसेर खाइन्छ त्यसबेला त्यसमा एउटा विशेष प्रकारको मीठो स्वाद आइदिन्छ। त्यस्तै नै स्थिति साईलीलामऋतको सम्बन्धमा पनि छ। एकान्तमा रसास्वादन कहिल्यै पनि हुन सक्तैन। यदि मित्र र आफ्नो परिवारभित्रका मानिसहरू सबै मिलेर यसको रस लिइयो भने बढी आनन्द आउँछ। श्री साईबाबाले आफैं नै भित्री प्रेरणा गरेर आफ्नो इच्छानुसार नै यी कथाहरूलाई मबाट वर्णन गराइरहनु भएको छ। यसैले मेरो त अनन्यभावले वहाँको शरणागत भएर वहाँको ध्यान गर्नु यत्ति नै मात्र कर्तव्य हो। तपसाधन, तीर्थयात्रा, व्रत तथा यज्ञ र दानभन्दा हरि भक्ति श्रेष्ठ हो र सद्‌गुरूको ध्यान यी सबैमा परम श्रेष्ठ हो। यसैले सदैव मुखबाट साईनामको स्मरण गरी वहाँका उपदेशहरूलाई निरन्तर संझेर तथा वहाँको स्वरूपको चिन्तन गरी हृदयमा वहाँप्रति सत्य र प्रेमका भावले सम्पूर्ण चेष्टाहरू वहाँकै निमित्त गर्नुपर्दछ। भव-बन्धन (संसारको बन्धन) बाट मुक्त हुनाको लागि यो भन्दा उत्तम साध अरू कुनै छैन। यदि हामीले उपर्युक्त कर्म गर्दै गयौं भने साईले विवशे

भएर हाम्रो सहायता गरी हामीलाई मुक्ति प्रदान गर्नैं पर्नेछ। अब यो अध्यायको कथा सुनौं।

हरि कानोवाः-

बम्बईका हरि कानोवा नामका एउटा महानुभावले आफ्ना कैयौं मित्रहरू तथा सम्बन्धीहरूबाट बाबाको अनेकौ लीलाहरू सुनेका थिए। तर उनी शंका गर्ने प्रकृतिका व्यक्ति हुनाले उनीलाई विश्वास नै हुँदैनथ्यो। अविश्वासले उनको हृदयको तहमा आफ्नो आसन जमाएको थियो। उनी आफूले नै बाबाको परीक्षा नर्गे निश्चय गरी आफ्ना केही मित्रहरू सहित बम्बईबाट शिरडी आए। उनले शिरमा एउटा जरीको पगरी र पाउमा नयाँ सैंडिल लगाइ राखेका थिए। उनले बाबालाई टाढैबाट देख्नासाथ वहाँकहाँ गई ढोग्न त खोजे। तर उनका नयाँ सैंडिल यस काममा बाधक (बाधा पार्ने) अब के गर्ने होला भन्ने कुरा उनको दिमागमा आएन। अनि उनले आफ्ना सैंडिल मंडपको एक सुरक्षित कुनामा राखेर मसजिदमा गई बाबाको दर्शन गरे। उनको ध्यान सैंडिलमाथि नै लागि रह्‌यो। उनले बडो नम्रतासाथ बाबालाई ढोगेर वहाँबाट प्रसाद र विभूति प्राप्त गरी फर्के। तर जब उनले कुनामा नजर दिए त्यतिबेला उनले सैंडिल त अंतर्धान (बिलाइसकेको) भइसकेको देखे। प्रशस्त छानबीन पनि व्यर्थ भयो र अन्तमा निराश भएन उनी आफ्नो ठाउँमा फर्केर आए।

स्नान, पूजा र नैवेद्य आदि अर्पण गरी उनी भोजन गर्न त बसे, तर यी सब गर्दाको पूरै समयसम्म उनी सैंडिलको चिन्तामा नै डुबिरहे। खाएर हात मुख धोई जसै उनी बाहिर आए उनले एउटा मराठा बालकलाई आफूतिर आउन लागेको देखे। त्यसको हातमा रहेको एउटा दण्डाको कुनामा एउटा नयाँ सैंडिलको जोड झुण्डिरहेको थियो। त्यो बालकले हात धुनको लागि बाहिर आउने मानिसहरूसँग भन्यो, “बाबाले यो दण्डा हातमा दिएर बाटामा घुमी घुमी हरिका बेटा जरीका फेटा भनेर चिच्याउन भन्नु भयो। अनि जो कसैले यो सैंडिल मेरो हो भन्यो भने उसलाई पहिले के उसको नाम “हरि” र उसको पिताको चाहीँ “क”

(अर्थात् कानोबा) हो भने सोध्नु भन्नुभयो। साथै उसले जरीदार साफा (पगरी) बाँधेको छ छैन त्यो हेर्नू र रहेछ भने यो त्यसैलाई दिनू भन्नु भएको छ।

बालकका कुरा सुनेर हरि कानोबालाई अत्यन्त आनन्द र आश्चर्य भयो। उनले अगाडि बढेर बालकसँग भने "यो मेरो सैंडिल हो। मेरो नै नाम हरि हों र मन नै "क" (कानोवा) को छोरा हुँ। यो मेरा जरीको साफा पनि हेर"। बालक संतुष्ट भयो। सैंडिल उनैलाई दियो। उनले सोचे–"मेरो जरीदार पगरी त सबैले देखिरहेका थिए। हुन सक्तछ, बाबाको नजर पनि पर्‍यो होला। तर यो मेरो शिरडी यात्राको पहिंलो नै मौका हा। अनि बाबालाई मेरो नाम हरि र मेरो पिताको चाहीँ कानोवा हो भन्ने कुरा कसरी थाहा भयो ?

उनी त खालि बाबाले परीक्षाको लागि मात्र त्यहाँ आएका थिए। उनीलाई यस घटनाबाट बाबाको महानता थाहा भयो। त्यसैले उनको इच्छापूर्ण हुन गयो र उनी खुशी हुँदै घर फर्किए।

सोमदेव स्वामीः–

अब बाबाको परीक्षा गर्न आएका अर्का शंकालु व्यक्तिको कथा सुन्नुहोस्। काका साहेब दीक्षितका भाइ श्री भाइ श्री नागपुरमा बर्स्दथे। जब उनी 1906 मा हिमालयतिर गए त्यसबेला गंगोत्री घाँटीको तल हरिद्वारको नगीच उत्तर काशीमा उनको एउटा सोमदेव नामका स्वामीसँग परिचय हुनगयो। दुबैले एक अर्काको ठेगाना लेखेर राखे।

पाँच वर्षपछि सोमदेव स्वामी नागपुरमा आए र भाइजी कहाँ बसे। त्यहाँ श्री साईबाबाको कीर्ति सुनेर उनीलाई बडो प्रसन्नता भयो र साथै शिरडी गई बाबाको दर्शन गर्ने ठूलो उत्सुकता पनि भयो। मनमाड र कोपर गाउँ पुगेपछि उनी एउटा ताँगामा बसेर शिरडीको लागि हिंडे। शिरडीको नगीचै पुगेपछि उनले टाढैबाट नै मसजिदमा दुईटा ध्वजा लहराएका देखे।

सामान्य रूपमा हेर्दा भिन्न भिन्न सन्तहरूको व्यवहार, रहन –सहन र बाहिरी सामग्रीहरू धेरैजसो भिन्नै प्रकारकोहुने गर्छन्। तर खालि यी वस्तुहरूबाट नै सन्तहरूको योग्यता निर्णय गर्न खोज्नु ठूलो भूल हो। सोमदेव स्वाम केही भिन्न प्रकशतिका थिए। उनले जसै ध्वजहारू लहराएको देखे अनि त बाबा सन्त भए यी ध्वजाना यस्तो चाहना किन राख्दछन्? के यसबाट उनको सन्तपन प्रकट हुन्छ? यी सन्त आफ्नो कीर्तिका इच्छुक (इच्छा गर्ने) जस्तो देखिन्छन् भन्ने सोच्न लागे।

यसैले उनले शिरडी जाने विचार छोडेर आफ्ना साथी यात्रीहरूसँग "म त फर्किन चाहन्छु" भने। उनका कुरा सुनेर उनीहरूले भने "त्यसो भए व्यर्थै यति टाढा किन आउनु भयो त? अहिले केवल ध्वजाहरूलाई देखेर तपाईलाई यस्तो छटपटी हुन लागेको छ भने शिरडीमा रथ, पालकी, घोडा र अरू सामग्रीहरू देख्नु हुँदा तपाईको कस्तो अवस्था होला त?

स्वामीलाई यी कुरा सुन्दा अब झन् अरू बढी घबराहट हुन लाग्यो र उनले भने "मैले धेरै साधु-सन्तहरूको दर्शन गरेको छु। तर यस किसिमले ऐश्वर्यको वस्तुहरूको संग्रह गर्ने सन्त त कोही विरलै हुन्छन्। यस्ता साधु को त दर्शन नगर्नु नै असल हुन्छ"। यस्तो भनेर उनी फर्कन लागे। अरू तीर्थयात्रीहरूले उनको कुराको विरोध गर्दै उनीलाई अगाडि नै जाने सल्लाह दिए र तपाई यस्तो संकुचित मनोभावना छोड्नोस्। मसजिदमा जो साधु छन् उनी यी ध्वजाहरूको, अरू सामग्रीहरूको या आफ्नो कीर्तिको बारे सपनामा पनि सोच विचार गर्दैदनन्। यी सबै त उनका भक्तगणले आफ्नो प्रेम र भक्तिको कारणले नै उनीलाई उपहारस्वरूप दिने गर्दछन् भनी संझाए

अनिमात्र उनी शिरडी गएर बाबाको दर्शन गर्न तैयार भए मसजिदको मंडपमा पुगेपछि त उनी पग्लिएर पानी पानी भए। उनका आँखाबाट आँसुका धारा बग्न लागे र घाँटी भरियो। अब उनको सबै दशषित विचार हावा हुन गए र उनलाई "मन जहाँ अति प्रसन्न र आकर्षित हुन जान्छ, त्यही ठाउँलाई नै आफ्नो विश्रामधाम संझनू" भन्ने आफ्ना गुरूका शब्दहरूको संझना भएर आयो। उनी बाबाको चरणरजमा लुटपुटिन चाहन्थे। तर जसै उनी वहाँको

नजिक गए अनि बाबा एकदम रिसाएर जोर जारेसँग चिच्याएर भन्न लाग्नुभयो "मेरो सामान मैसँग रहन देऊ, तिमी आफ्नो घर फर्किहाल। सावधान! यदि फेरि कहिल्यै मसजिदको सिंढी चढ्यौ भने? मसजिदमा ध्वजा फर्फराएर राख्ने यस्तो सन्तको दर्शन किन गर्नुपर्‍यो? एकछिन पनि यहाँ नअउ"।

अब उनीलाई "बाबाले आफ्नो मनको कुरा जानि सक्नुभयो र वहाँ कस्तो सर्वज्ञ हुनुहुँदो रहेछ" भन्ने अनुभव भयो। उनलाई आफ्नो योग्यताप्रति हाँसो उठ्न लाग्यो। साथै उनीलाई बाबा कस्तो निर्विकार र पवित्र हुनु हुँदोरहेछ भन्ने पत्ता लाग्यो। वहाँ कसैलाई छातीमा लगाउनु हुन्छ्, कसैलाई हातले छुनुहुन्छ, तथा कसैलाई सान्त्वना दिएर प्रेमकों नजरले निहार्नु हुन्छ र कसैलाई विभूतिको प्रसाद दिएर पनि अर्थात् सबै प्रकारले भक्तहरूलाई सुख र सन्तोष पुल्याइरहनु भएको छ। अनि मसँग भने यस्तो रूखो व्यवहार किन भएको होला भन्ने सोचे। धैरै विचार गरेपछि उनी यसको कारण आफ्नों आन्तरिक विचार नै भएकाले यसबाट आफ्नो आचरण सुधार गर्नु पर्ने शिक्षा ग्रहण गर्नुपर्छ, बाबाको क्रोध त आफ्नो निम्ति वरदान स्वरूप नै हो भन्ने निष्कर्शमा पुगे। अब यो कुरा भनिरहनु व्यर्थ छ कि उनी बाबाको शरणमा आए र वहाँको एउटा परमभक्त बन्न गए।

नाना साहेब चाँदोरकर :-

अन्तमा नानासाहेब चाँदारकरको कथा लेखेर हेमाड पन्तले यो अध्याय समाप्त गरेका छन्। एक समय नानासाहेब र म्हालसापति अरू मानिसहरूको साथमा मसजिदमा बसेका बखतमा बीजापुरबाट एउटा भद्र मुसलमान परिवार श्री साईबाबाको दर्शनको लागि आए। कुलवन्तीहरूको लाज रक्षा गर्ने भावना देखेर नाना साहेब त्यहाँबाट निल्कन चाहल्थे, तर बाबाले उनीलाई रोकेर राख्नु भयो। महिलाहरू अगाडि बढे र उनीहरूलाई बाबाको दर्शन गरे तिनै मध्येकी एउटी महिलाले आफ्नो घुंघट हटाए बाबाको चरणमा ढोगिन् र फेरि घुंघट हालिन्। नानासाहेब तिनको सौन्दर्यबाट आकर्षित भएर एकपटक त्यो सौन्दर्यको छटा हेर्न लालायित भए। नानाको मनको वेदना जानेर तिनीहरू गएपछि बाबाले उनीलाई भन्न लाग्नु भयो "नाना! किन व्यर्थमा मोहित भइरहेका होऊ ? इन्द्रियहरूलाई आफ्नो काम

गर्न देऊ। हामीहरूले उनीहरूको काममा वाधा दिने वन्न हुन्न। भगवान्ले यो सुन्दर सश्ष्टिको रचना गर्नु भएको छ। यसैले वहाँको सौन्दर्यको सराहना गर्नु हाम्रो कर्तव्य हो। यो मन त क्रमैसँग स्थिर हुन जान्छ। अनि जब अगाडिको ढोका नै खुला छ भने हामीले पछाडिको ढोकाबाट किन पस्नु पऱ्यो? चित्त शुद्ध हुनासाथ फेरि कुनै कष्टको अनुभव हुँदैन। यदि हाम्रो मनमा कुविचार छैन भने हामीले कसैसँग डरले थर्कायमान हुनुपर्ने आवश्यकतै छैन। आँखाहरूलाई आफ्नो काम गर्न देऊ। यसको लागि तिमीले लज्जित र विचलित हुनु पर्दैन"।

त्यसबेला शामा पनि त्यहीँ थिए। आखिर बाबाको भनाइको मतलब के हो भन्ने कुरा उनको समझना आएन। यसैले फर्कदा यस विषयमा उनले नानासँग सोधे। ती परमसुन्दरीको सौन्दर्य देखेर जस्तो किसिमले उनी मोहित भए तथा यो वेदना मानेर बाबाले यो विषयमा जो उपदेश उनलाई दिनुभयो। त्यो सबै वृत्तान्त नानाले शामालाई भनेर उनीलाई यस्तो प्रकारले संझाए- "हाम्रो मन स्वभावले नै चंचल छ। तर होमीले त्यसलाई लम्पट हुन दिनु हुन्न। इन्द्रियहरू चंचलै हुन गए भने पनि हामीले आफ्नो मन उपर पूरा रोक लगाएर त्यसलाई अशान्त हुन दिनु हुन्न। इन्द्रियहरू त आफ्ना विषयवस्तुका लागि सदैव चेष्टा गर्दै नै रहन्छन् तर हामीले तिनको वशमा परेर तिनीहरूको इच्छा लागेका वस्तुहरूको नजिकै जानु हुन्न। प्रयत्न गर्दै रहनाले यो चंचलतालाई क्रमशः नियन्त्रित गर्न सकिन्छ। ती उपर पूरै रोक लगाउन सम्भव नभए पनि हामीहरू तिनीहरूको वशमा पर्नुहुन्त। मौका र परिस्थिति अनुसार हामीहरूले तिनीहरूको उचित गतिको अबरोध (गतिमा रोकाबाट) वास्तविक रूपले नै गर्नुपर्छ। सौन्दर्य त आँखाले हेर्ने विषय हो। यसैले हामीले डर नमानिकन सुन्दर वस्तुहरूलाई हेर्नुपर्छ। यदि हामीमा कुनै प्रकारको कुविचार आएन भने यसमा लाज र डर मान्नुपर्ने आवश्यकता नै के छ र? यदि मनलाई इच्छारहित बनाएर ईश्वरको सौन्दर्यलाई निहाऱ्यौ भने इन्द्रियहरू सजिलै र स्वाभाविक रूपले आफ्नो वशमा आउने छन् र विषयको आनन्द लिंदाको समयमा पनि तिमीमा ईश्वरको संझना रहिरहनेछ। यदि मनलाई बाहिरी इन्द्रियहरूको पछि दौडन, तिनमा लिप्त भएर रहन दियौ भने त तिमीलाई जन्म र मृत्युको पाशाबाट कहिल्यै पनि छुटकारा हुने छैनं विषयका वस्तुहरूह इन्द्रियहरूलाई सधैं पथ-भ्रष्ट

(बाटोबाट चुक्ने) गराउने हुन्छन्। यसैले हामीले विवेकलाई सारथी बनाएर मनको लगाम आफ्नो हातमा लिई इन्द्रियरूपी घोडाहरूलाई विषयवस्तुतिर जानबाट रोक्नु पर्दछ। यस्तो विवेकरूपी सारथिले हामीलाई विष्णुपदको प्राप्ति गराइदिनेछ। त्यही नै यथार्थमा परम सत्यधाम हो र जहाँ गएको प्राणी फेरि कहिल्यै यहाँ फर्किंदैन।

श्रीसद् गुरू साईनाथमा अर्पण होस्।

मङगल होओस्।